# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ श्रावण ५

**सिफारिश कार्यान्वयन र पीडितको अवस्था अध्ययन प्रतिवेदन** आयोगका माननीय अध्यक्ष अनुपराज शर्मा ज्यूबाट २०७३ श्रावण ५ गते आयोगको केन्द्रीय कार्यालय हरिहर भवन ललितपुर मा लोकार्पण भयो ।

**प्रतिवेनदको सारांश**

राष्ट्रिय मानव अधिकार आयोग २०५७ साल जेठ १३ गते स्थापना भएपछि मानव अधिकार उल्लंघनका सन्दर्भमा आ. व. २०७१/०७२ सम्ममा ७३८ सिफारिश गरेको छ । यी सिफारिशहरुको प्रकृति तथा कार्यान्वयनको अवस्थालाई अध्ययन गरेपछि २०७२ साल वैशाख १० गते आयोगले मानव अधिकारकर्मीहरुसँग अन्तर्क्रिया गर्‍यो । आयोगको अध्ययनमा पूर्ण कार्यान्वयन भएका सिफारिश १४.३ प्रतिशत छ भने यो तथ्याङ्क नेपाल सरकारको अध्ययनअनुसार ३० प्रतिशत छ । सिफारिशहरुको विषयमा नेपाल सरकारको अध्ययनलाई नै आधार मान्दा पनि कार्यान्वयनको स्थिति निराशाजनक पाइँदा आयोगले केही प्रतिनिधिमूलक सिफारिशहरुको कार्यान्वयनको स्थिति र पीडितको अवस्था बुझ्न पीडितका घर-घरमा पुगी खोजमूलक अध्ययन गर्ने निधो गर्‍यो ।

खोजमूलक अध्ययनको पहिलो चरणका लागि मुलुकका सबै क्षेत्र, मानव अधिकारका विविध विषय र धेरै जना प्रभावित भएका घटनासँग सम्बन्धित सिफारिशहरु हामीले छनौट गर्‍यौं । छनौटमा द्वन्द्वकालीन हत्याका सम्बन्धमा दश घटना सामेल छन् । दशमध्ये एउटा साम्प्रदायिक दंगाका कारणबाट भएको हत्यासँग सम्बन्धित छ भने बाँकी नौ घटना द्वन्द्वरत सरकार र विद्रोही दुबै पक्षबाट भएका हत्याका घटनासँग सम्बन्धित छन् । यसैगरी जातीय विभेदका दुई, महिला हिंसासम्बन्धी एक र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसँग सम्बन्धित एक घटना पनि हाम्रो अध्ययनको विषय बनेको छ । यी घटनाका कालिकोट, पाँचथर, रामेछाप, चितवन, धनुषा, सिराहा, डोटी, खोटाङ, महोत्तरी, धादिङ, कञ्चनपुर, कपिलवस्तु, तनहूँ र दाङमा रहेका पीडितको घर-घरमा हामी पुगेर पहिले नै निर्धारित रुजु सूचीबमोजिम अध्ययन गरेका छौं ।

मानव अधिकारको दृष्टिकोणबाट समस्त मानव समान हुन्छन् भन्ने मान्यताका साथ नेपाली सेना, सशस्त्र प्रहरी र जनपथ प्रहरीसँग सम्बन्धित बाह्र घटनाका पीडितका विषयमा सम्बन्धित सुरक्षा निकायको मानव अधिकार महाशाखा/शाखाबाट जानकारी लिएका छौं । यसैगरी २०७१ कार्तिकदेखि अहिलेसम्म पीडितहरुसँग सम्बन्धित विभिन्न संघ संस्थाले आयोगमा दिएका ज्ञापनपत्र र मागपत्र समेत हाम्रो अध्ययनका विषय बनेका छन् ।

२०७३ साल असार १९ गते कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री, महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, सचिवहरु, नायव महान्यायाधिवक्ताहरु, सह-सचिवहरु समेतसँग सिफारिश कार्यान्वयनका विषयमा हाम्रो अन्तर्क्रिया सम्पन्न भइसकेको छ ।

२०७२ साल साउनदेखि आरम्भ भएको यो खोजमूलक अध्ययन करीव एक वर्षपछि यस रुपमा प्रस्तुत भएको छ । आयोगका सिफारिश कार्यान्वयनको स्थिति र पीडितको अवस्था दुई पक्षमा यो अध्ययन केन्द्रित छ । आयोगले गरेका ७३८ सिफारिशमा दोषीको नाम किटान नै गरी कारवाहीका लागि गरिएका सिफारिशको संख्या ७८ छ । दोषी पहिचान गरी कारवाही गर्न नेपाल सरकारसमक्ष लेखी पठाइएका सिफारिश संख्या २६३


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org

छ भने प्रचलित कानूनबमोजिम कारवाही गर्नुपर्ने सिफारिश ५१ छन् । फौजदारी अभियोगमा कारवाही गर्न पठाइएका सिफारिश संख्या ३५ र अनुसन्धान गरी कारवाही गर्न पठाइएका सिफारिश २७ छन् । आवश्यक कारवाहीका लागि मात्र पठाइएका सिफारिश संख्या ३२ छन् । क्षतिपूर्ति दिन लेखी पठाइएका सिफरिश संख्या ५१२ रहेका छन् ।

हामीले अध्ययनका लागि छानेका १४ मध्ये २ घटना अनुगमनसँग मात्र सम्बन्धित भई अन्य १२ यिनै ७३८ सिफारिशमध्येकै हुन् । १२ सिफारिशमा केवल एउटा घटनामा मात्र दोषीलाई कैद सजाय र सेवाबाट अवकाश दिएको हामीले जानकारी पाएका छौं भने क्षतिपूर्तिका हकमा सिफारिश भएका सबै घटनाका पीडितले रकम प्राप्त गरेका छन् ।

पीडितको अभिभावकत्व राज्यले लिनुपर्दछ भन्ने निचोड यस अध्ययनको रहेको छ । एक पटक केही रकम दिँदैमा राज्यको दायित्व पूरा नहुने अध्ययनको निष्कर्ष छ । अब बन्ने स्थानीय निकायसम्बन्धी कानूनमा आफ्नो क्षेत्रका पीडितहरुलाई परिचयपत्र दिनु पर्ने र उनीहरुको पारिवारिक विवरण समेतका तथ्याङ्क सम्बन्धित गाँउपालिका वा नगरपालिकाले राखी निरन्तर सहयोग गर्ने प्रावधान राख्नुपर्ने मान्यता अध्ययंनले अघि सारेको छ । मानव अधिकार पीडित र अपराध पीडितमा अन्तर भए पनि मानव अधिकार अपहरित व्यक्ति वा निजका परिवार पनि पीडित नै भई प्रचलित संविधानको धारा २१ मा व्यवस्थित अपराध पीडित सरह नै यिनको पनि सामाजिक पुन:स्थापना सहितको क्षतिपूर्तिको हक सुरक्षित हुनुपर्ने मान्यता यस अध्ययनको छ । अपराध पीडितका हकलाई व्यवस्थित गर्न धारा ४७ बमोजिम तीन वर्षभित्र बन्नैपर्ने कानूनले मानव अधिकार पीडितका हकमा पनि संबोधन गर्नैपर्ने विविध विषयलाई पनि अध्ययनले समेटेको छ ।

यस अध्ययनले विगतका मानव अधिकार उल्लंघनका अनुभवका आधारमा वर्तमानमा भएका र भविष्यमा हुनसक्ने घटनाका पीडितलाई पनि संबोधन गर्न सक्ने नीति निर्देशिकाको खाँचो औँल्याएको छ । शान्ति मन्त्रालयद्वारा जारी निर्देशिकाहरुले द्वन्द्वकालीन दश वर्षे घटनालाई मात्र समेट्ने हुँदा हालै भएको तराई आन्दोलनका मानव अधिकार पीडितहरुका हकमा सुनिश्चित कानूनी व्यवस्था नहुँदा निर्णयका आधारमा राहत प्रबन्ध गरिनुपर्ने अवस्थालाई अध्ययनले अनुपयुक्त मानेको छ । मानव अधिकारको उल्लंघनमा राहत तथा क्षतिपूर्तिलाई राज्यको कृपाको विषय नभई पीडितको अधिकारका रुपमा मान्यता दिन कानूनी प्रबन्ध हुनुपर्ने अध्ययनको निचोड छ । आयोगका सिफारिश कार्यान्वयन नगर्ने पदाधिकारीलाई मात्र नभई मानव अधिकार उल्लंघनकर्तालाई पनि सूचीकरण गर्ने अधिकार आयोगलाई दिन कानून संशोधन गरिनुपर्ने औचित्य पुष्टि गरिएको छ ।

पीडित परिवारलाई राहतको प्रबन्ध गरिँदा शिक्षा, स्वास्थ्य र रोजगारीलाई विशेष महत्त्व दिइनुपर्ने अध्ययंनको निष्कर्ष छ । प्रचलित कानूनलाई पीडितमैत्री बनाइनुपर्ने कुरामा जोड दिँदै तिनमा हुनुपर्ने संशोधनलाई पनि अध्ययनले औँल्याएको छ ।

यो खोजमूलक अध्ययन राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका कर्मचारी तथा त्रिभुवन विश्वविद्यालय, नेपाल ल क्याम्पसका पीडित राहतशास्त्रको स्नातकोत्तर तहका केही विद्यार्थीको सक्रियतामा सम्पन्न भएको हो । पीडितको श्रव्य, दृष्य सामग्री सहितको प्रतिवेदनलाई विश्लेषण गरी निचोड निकाल्न आयोगले विषय विज्ञहरु डा. शङ्कर कुमार श्रेष्ठ, डा. रजीतभक्त प्रधानाङ्ग, डा. यमबहादुर किसान र सह-प्राध्यापक रमेशराज प्रधानको सहयोग लिएको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता